"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी"

# तातोपानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लिताकोट, जुम्ला

कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः०८१।०८२

चलानी नम्बरः१९६४,

मितिः२०८२।०३।३१ गते

११४५ दिल्लागा पञ्चमी

विषय :करार सम्झौताको म्याद थप नगर्ने सम्बन्धमा ।

श्री स्वास्थ्य संस्था सम्पुर्ण
श्री वडा कार्यालय सम्पुर्ण
तातोपानी गाउँपालिका जुम्ला ।

प्रस्तुत बिषयमा कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ को दफा १४(१) बमोजिम कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाईने र स्थानीय सेवा( गठन तथा सञ्चालन ) नियमावली २०८१ को नियम ११(१) पद नभई कर्मचारी नियुक्त गर्न नहुने सो व्यवस्था विपरित नियुक्त हुने व्यक्तिले पाएको तलब तथा अन्य सेवा सुविधा नियुक्ति दिने पदाधिकारीबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३(८) मा तोकिएका पदहरु साथै संघीय/ प्रदेश सरकारबाट बजेट सुनिश्चिता भएका करार कर्मचारी बाहेक आर्थिक वर्ष २०८१/०८२ को अषाढ मसान्तसम्म करार वा ज्यालादारीमा सम्झौता भई कार्यरत कर्मचारीहरुले मिति २०८२।०४।०१ गतेका दिन देखि अर्को व्यवस्था वा आदेश नहुन्जेल सम्मका लागि हाजिर नगर्न/नगराउन हुन सरोकारवाला सबैमा जानकारी गराईन्छ । यसको अवज्ञा गरि कुनै पनि कर्मचारीले हाजिर गरे/गराएमा सम्बन्धित व्यक्ति स्वयम जिम्मेवार हुने व्यहोरा समेत सुचित गरिन्छ ।

२०८२।३।३१
तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत
श्री गाँउपालिका अध्यक्ष ज्यू तातोपानी गाँउपालिका जुम्ला
श्री गाँउपालिका उपाध्यक्ष ज्यू तातोपानी गाँउपालिका जुम्ला
श्री प्रशासन शाखा तातोपानी गाँउपालिका जुम्ला
श्री स्वास्थ्य शाखा तातोपानी गाँउपालिका जुम्ला
श्री शिक्षा युवा तथा खेलकुद शाखा तातोपानी गाँउपालिका जुम्ला
श्री महिला तथा बाल बालिका शाखा तातोपानी गाँउपालिका जुम्ला
श्री प्राविधिक शाखा तातोपानी गाँउपालिका जुम्ला